नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोनः- ०८८-५३००४०
०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com
daorukum@moha.gov.np

मेरो गणना मेरो सहभागिता राष्ट्रिय जनगणना २०७८

पत्र संख्याः-०७७/०७८/प्रशासन
च.नं.

मुसिकोट रुकुम (पश्चिम)
मितिः- २०७८/०१/१७

## रुकुम(पश्चिम)का प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

जिल्लामा संक्रमणको दर तीव्र रुपमा बृद्धि हुँदै गएको, मानिसहरुको आवातजावत, पेशा व्यवसाय सञ्चालन लगायतका कारणबाट संक्रमणको दर अझ बढ्न सक्ने देखिएको हुँदा संक्रमण फैलावटको साङ्ग्लो तोड्न एवं संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक व्यवस्थापन गर्नका लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८।०१।१३ गतेको निर्णय, जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) को मिति २०७८।०१।१७ को सिफारिस समेतका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम यस जिल्लाभर मिति २०७८।०१।१९ गते आइतबार बिहान ६:०० बजेदेखि मिति २०७८।०१।३१ गते शुक्रबार राती १२:०० बजेसम्म देहाय अनुसारका आवश्यक सेवा र सोको लागि प्रयोग हुने सवारी साधन बाहेक अन्य सबै प्रकारका सेवा (बैंक तथा वित्तीय सेवा समेत), सवारी साधन, पसल व्यवसाय सञ्चालन र अत्यावश्यक कार्य बाहेक हिडडुलमा समेत निषेध गर्ने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ। यस आदेशमा उल्लेखित विषयहरुको पालना नगरेको खण्डमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सबैलाई जानकारी गराईन्छ ।

(क) सञ्चालन गर्न पाईने सेवा एवं कार्यहरु

स्वास्थ्य, शान्ति सुरक्षा, विद्युत, सञ्चार, खानेपानी, फोहोरमैला व्यवस्थापन, ग्याँस, पेट्रोलियम पदार्थ, तरकारी, खाद्य तथा दुग्ध पदार्थ, माछामासु पसल, औषधी पसल, बैंकको एटीएम सेवा जस्ता अति आवश्यक सेवाहरु एवं राष्ट्रिय गौरवका आयोजना लगायत अन्य सार्वजनिक निर्माणका कार्यहरु।

(ख) सञ्चालन गर्न पाईने सवारी साधनहरु

- एम्बुलेन्स (चालक, बिरामी र कुरुवा गरी बढिमा ३ जना सवार), शववाहन, दमकल, झण्डावाल सरकारी र निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरु ।
- खाद्यान्न, तरकारी, फलफूल, दुध र दुग्धजन्य पदार्थ, औषधी तथा उपचारका सामग्री, खानेपानीका ढुवानी सेवाहरु(ढुवानीका साधनमा चालक र सहचालक गरी बढीमा २ जना मात्र सवार हुनुपर्ने र बिहान ६:०० बजेदेखि ९:०० बजेसम्म मात्र लोड अनलोड गर्नुपर्ने)।
- अत्यावश्यक सेवा सञ्चालनमा खटिएका जनशक्तिले प्रयोग गरेका सवारी साधनहरु (परिचयपत्र र तोकिएको पोशाक अनिवार्य हुने।
- हवाइजहाजबाट यात्रा गर्न जानेका हकमा हवाईटिकट देखाई एयरपोर्टसम्म जान र फर्कन दिने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोनः- ०८८-५३००४०
०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com
daorukum@moha.gov.np

मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

पत्र संख्याः-०७७/०७८/प्रशासन
च.नं.

मुसिकोट रुकुम (पश्चिम)
मितिः- २०७८/०१/१७

- सञ्चारकर्मीका हकमा सूचना विभाग वा सम्बन्धित Media House ले जारी गरेको परिचयपत्रको आधारमा आवतजावत गर्न दिने।

(ग) माथि उल्लेख गरिएका सवारी साधन बाहेक अन्य अत्यावश्यक काम (अस्पताल जाने आउने बिरामी, मृत्यु संस्कार आदि) का लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनुपर्ने ।

(घ) सार्वजनिक निर्माणका लागि ढुवानी गर्न प्रयोग हुने साधनहरु सञ्चालन गर्दा निर्माण कार्य गर्ने आयोजना/कार्यालय/निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिनुपर्ने।

(ङ) जिल्लाभित्र तथा जिल्ला बाहिर सञ्चालन हुने निजी तथा सार्वजनिक सवारी साधनहरु सञ्चालन गर्न रोक लगाउने।

(च) सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, तालिम, भौतिक उपस्थितिमा हुने सिकाईका क्रियाकलापहरु, सिनेमाहल, पुस्तकालय, संग्रहालय, पार्टि प्यालेस, मनोरन्जन स्थल, सैलुन, ब्युटी पार्लर, घर बाहिर खेलिने सबै प्रकारका खेलकुद आदि सञ्चालन गर्न नपाइने।

(छ) मास्क, स्यानीटाइजर, भौतिक दुरी लगायत जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गरी दैनिक उपभोग्य वस्तु (तरकारी, खाद्य, दुध, माछामासु, ग्याँस) का पसल बिहान ६:०० बजेबाट ९:०० बजेसम्म मात्र सञ्चालन गर्ने। अन्य सम्पूर्ण पसल व्यवसाय तथा होटल, रेष्टुरेन्ट सञ्चालन नगर्ने।

(ज) विवाह व्रतबन्धको कार्यक्रम गर्दा बढीमा १५ जनासम्म (दुलहा दुलही दुवै पक्षको गरी) सहभागी गर्ने र स्वास्थ्य सुरक्षाका लागि मापदण्ड पालना गर्ने गरी मात्रै गर्न सक्ने र सो प्रयोजनका लागि सवारी साधन प्रयोग गर्नुपर्दा सम्बन्धित स्थानीय वडाको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिनुपर्ने ।

(झ) जिल्लाका सरकारी तथा सार्वजनिक कार्यालयका प्रमुखले आलोपालो पद्धति अनुसार कर्मचारी खटाई कार्यालयको आन्तरिक कार्य गर्ने। माथि उल्लेखित अत्यावश्यक सेवा वाहेक अन्य नियमित सार्वजनिक सेवा हाललाई स्थगित गर्ने।

(ञ) यस जिल्लामा अन्यत्र जिल्ला वा विदेशबाट आउने व्यक्तिहरुले अनिवार्य रुपमा १० दिनसम्म स्थानीय तहले निर्माण गरेको क्वारेन्टीन वा होम क्वारेन्टीनमा बस्नुपर्ने। यस्ता व्यक्तिहरुको पहिचान गरी सम्बन्धित वडास्तरबाट अनुगमन र निगरानी गर्ने व्यवस्था मिलाउने।

(ट) सार्वजनिक निर्माण कार्यका लागि खटिने कर्मचारी तथा कामदारलाई निर्माणस्थलमा नै खाने बस्ने व्यवस्था मिलाई प्रचलित स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण पालना गराएर मात्रै काममा खटाउने।

२०७८/०१/१८

(बद्रीनाथ गैह्रे)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी